annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अं… पृष्… काठमाडौं, बिहीबार २४ अ… २०८१ … शुक्लपक्ष अष्टमी नेप… संवत् ११४४ … OCTOBER 10, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०



धनकुटाको छथरजोरपाटी गाउँपालिका–३, पिडडाँडामा राखिएको रोटेपिङमा रमाउँदै युवतीहरू ।
● हरिबहादुर लम्जेल

## शुभ रहोस् दसैं

महान् चाड
बडादसैं, २०८१ को
हार्दिक मंगलमय
**शुभकामना**

**क्याप्टेन रामेश्वर थापा**
अध्यक्ष तथा
अन्नपूर्ण मिडिया नेटवर्क परिवार

*हाम्रो अर्को भेट असोज ३० गते बुधबार हुनेछ ।*

दसैं आलेख


१ मधेसको दसैं
२ जहाँ नेपाली त्यहाँ बडादसैं
३ साधनाको पर्व दसैं
४ थारूको दसैं
५ सन्थालको दसैं
६ दसैंमा साझा जिम्मेवारी
७ सभ्य दसैं, भव्य संस्कृति पृष्ठ
८ भेटघाटको पर्व दसैं



## मारवाडी सेवा समिति नेपाल र श्री पशुपति गौशाला धर्मशालाद्वारा प्रकाशित

## विज्ञप्ती

### २०६०।२।१२ को पशुपति क्षेत्र विकास कोषसँग भएको सहयोग सम्झौतामाथि सम्मानित जिल्ला अदालतबाट भएको फैसलाको सम्बन्धमा

भगवान् पशुपतिनाथ मन्दिर क्षेत्रमा रहेको मारवाडी सेवा समिति नेपाल अन्तर्गतको श्री पशुपति गौशाला धर्मशाला नेपालको लामो गौरवमय ईतिहास बोकेको एक धार्मिक एवं मानवीय सेवा कार्यमा समर्पित गैर नाफामुलक संस्थाको रूपमा रहि आएको सर्वविदितै छ ।

तत्कालिन प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर ज.ब.रा.ले वि.सं. १९९७ सालमा (८४ वर्ष अगाडि) मारवाडी समाजका रामकुमार मारवाडी लगायतका व्यक्तिहरूलाई बोलाई थारा गाई, साँढे इत्यादीको संरक्षण, हेरचाह गर्न, सेवा–कार्यहरू गर्न तथा श्री पशुपतिनाथको दर्शन गर्न आउने तिर्थालुहरूको बसोबासको कुनै भरपर्दो व्यवस्था नभएको अवस्था मनन गरी गौशाला र धर्मशाला एवं सेवा कार्य गर्न पशुपतिनाथ मन्दिर नजिकै हालको स्थानमा गौशाला एवं धर्मशाला बनाई संचालन गर्ने लगायतका विभिन्न सामाजिक एवं मानवीय सेवाकार्यहरू गर्न वर्तमान गौशाला धर्मशालाको जग्गा मारवाडी समाजलाई उपलब्ध गराईएको पृष्ठभुमीमा सोही बेला देखि नै मारवाडी समाजका महानुभावहरूले आफ्नो व्यवसायको केही अंश चन्दा स्वरूप प्रदान गरी यस पशुपति गौशाला धर्मशालाको निर्माण गर्दै गाई गोठ तथा आफ्ना पूर्वजहरूको स्मृतिमा कोठा, हल एवं मन्दिर निमार्ण गर्ने कार्य भएको हो ।

**२०२१ सालको नापीको फिल्डबुक, मालपोतको श्रेस्ता र २०४४ सालको नापीको फिल्डबुक, गुठी संस्थानको श्रेस्ता र पशुपति क्षेत्र विकास कोषको मोही लगत नम्बर ८३७ को अभिलेख बमोजिमको आ.ब. ०८१/०८२ सम्मको मोहीले तीर्नु पर्ने वाली वापतको रकम बुझाइसकेका छौं ।**

यस गौशाला धर्मशालाबाट श्री पशुपतिनाथको अभिषेकका लागि स्थापनाकालदेखि अविछिन्न रूपमा दैनिक २९ लिटर दूध निःशुल्क पठाउने गरिएको छ । साथै गौशाला धर्मशाला भित्र हाल गौ सेवा, नेपालकै पहिलो निःशुल्क शववाहन सेवा, शव राख्ने फ्रिज सेवा प्रदान गरिनुका साथै वि.सं. २०५७ सालदेखि संचालन हुँदै आएको निःशुल्क कृत्रिम खुट्टा सेवा अन्तर्गत विभिन्न कारणबाट खुट्टा गुमाएका करीब ६ हजार जनालाइ कृत्रिम खुट्टा वितरण गरिएको छ । धर्मशालामा बस्न आउने यात्रुहरूलाई सहुलियत दरमा आवास र शुद्व शाकाहारी भोजनको व्यवस्था गरिएको छ । साथै निःशुल्क होमियोप्याथिक स्वास्थ्य परीक्षण एवं हरेक शनिबार करीब ५०० जना असहायहरूलाई निःशुल्क भोजनको व्यवस्था गरिँदै आएको छ ।

मारवाडी समाजका महानुभावहरू एवं विभिन्न संघ संस्थाहरूबाट सहयोग संकलन गरी मारवाडी सेवा समिति नेपालले आफ्नो सेवालाई थप विस्तार गरी झण्डै २० करोडको लागतमा "मारवाडी सेवा समिति, राष्ट्रिय मिर्गौला उपचार केन्द्र डायलाईसिस केन्द्र, गौशाला, काठमाडौं"को नामबाट बरिष्ठ नेफ्रोलोजिष्ट मिर्गौला रोग विशेषज्ञ प्रा.डा. ऋषि कुमार काफ्लेज्यूको नेतृत्वमा हेल्थ केयर फाउण्डेशन नेपाल राष्ट्रिय मिर्गौला उपचार केन्द्र बनस्थलीको विशेषज्ञ तथा प्राविधिक सहयोगमा मिर्गौला रोगीहरूलाई सेवा प्रदान गर्ने उद्देश्य अनुसार हाल परिक्षणको रूपमा श्री पशुपति गौशाला धर्मशालामा ३० वटा मेशिनबाट दैनिक ८०–९० जना मिर्गौला रोगीहरूको (नेपाल सरकारको विपन्न नागरिक कोष अन्तर्गत) निःशुल्क डायलाइसिस गर्दै आइरहेको छ । श्री पशुपति गौशाला धर्मशाला र यसको समग्र परिसर निर्धारित उल्लेखित उद्देश्य अनुरूप संचालनमा रहि आएको एवं यसबाट कुनै व्यक्ति, हाम्रो समुदाय वा संस्थाले कुनै पनि प्रकारले आर्थिक लाभ लिने कार्य नभएको निवेदन गर्दछौं ।

२०६०।०२।१२ को पशुपति क्षेत्र विकास कोषसँग भएको सम्झौता बमेजिमको सहयोग रकम समेत आ.व. ०८१/०८२ को बुझाई सकिएको छ । साथै मिति २०६०।०२।१२ मा मारवाडी सेवा समिति नेपाल र श्री पशुपति क्षेत्र विकास कोष बीच भएको सम्झौता सम्बन्धमा उठेको आपसी विवाद अख्तियार, विशेष अदालत हुँदै सम्मानित सर्वोच्च अदालतबाट समेत उक्त सम्झौता कानुन सम्मत रहेको छ भनी फैसला भएकोमा श्री पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेको हजारौं मोहीहरू मध्ये मारवाडी सेवा समिति नेपाल अन्तर्गतको श्री पशुपति गौशाला धर्मशाला पनि मोही जनिएको हुँदा अन्य मोहीसँग भए अनुसारको व्यवहारको हामीले अपेक्षा गरेका छौं ।

श्री पशुपति क्षेत्र विकास कोषले मारवाडी सेवा समिति नेपालसँग थप सहयोग उपलब्ध गराउने विषयमा मिति २०६०।२।१२ मा सम्झौता गरेकोमा उक्त सम्झौता कोषले मिति २०८०।४।१७ गते एकतर्फी निर्णय गरी भंग गरेकोमा सो निर्णय गैर कानुनी रहेको भनी मारवाडी सेवा समिति नेपालले निर्णय वदर गरी पाउन मिति २०८०।४।२४ मा मुद्दा नम्बर ०८०–CP–०७२३ (३९–०८०–०५२१७) मार्फत श्री पशुपति क्षेत्र विकास कोषको निर्णय विरूद्ध सम्मानित काठमाडौं जिल्ला अदालतमा मुदा दर्ता गराएकोमा उक्त मुद्दा उपर सुनुवाई हुँदा निवेदकको दावी नपुग्ने भनी घटस्थापनाको अघिल्लो दिन मिति २०८१।६।१६ गते सम्मानित जिल्ला अदालतबाट आदेश भएकोमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अदालत बिदामा रहने हुनाले उक्त आदेशको पूर्ण पाठ आएपछि मात्रै सो उपर उच्च अदालतमा पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहेको हुँदा उक्त मुद्दाको अन्तिम किनारा नलागेसम्म प्रतिवादि श्री पशुपति क्षेत्र विकास कोषबाट कुनै पनि प्रकारले मारवाडी सेवा समिति नेपालबाट संचालित श्री पशुपति गौशाला धर्मशाला संचालनमा बाधा अड्चन नपुर्‍याउन सम्बन्धित सबैमा विनम्र हार्दिक अनुरोध गर्दछौं ।